कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित (शेयरमा सिमित दायित्व भएको)

# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

## Hydroelectricity Investment And Development Company Ltd. (HIDCL)

(साविकको नामः जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड)

हात्तीसार, काठमाण्डौ

फोनः ९७७-०१-४५४५०१३/१४/१५/१६

ई-मेलः info@hidcl.org.np, Website: www.hidcl.org.np

**को**

# "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था र विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु. ११,००,००,००,०००/– को एक शेयर बराबर एक शेयर (१ : १) (अर्थात् विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु. ११,००,००,००,०००/– बराबरको प्रति शेयर रु.१००/– अंकित दरका ११,००,००,००० कित्ता हकप्रद शेयर निष्कासन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उदघोषण:**

हामीलाई **हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड** तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्कासन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस "हकप्रद शेयर निष्कासन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग्स नेपाल लिमिटेड, कमलादी काठमाण्डौबाट कम्पनीको क्रेडिट रेटिङ्ग गराई **"केयर-एनपि ए माइनस (इसुअर) रेटिङ्ग (CARE-NP A- (Is) [Single A Minus (Issuer)] Rating"** प्रमाणपत्र प्राप्त गरेको छ । **"CARE-NP A- (Is)"** ले वित्तीय दायित्वको नियमित भुक्तानीको पर्याप्त सुनिश्चितता रहने र न्यून क्रेडिट जोखिम रहने संस्था भएको आधारहरु जनाउँदछ । केयर रेटिङ्ग्स नेपाल लिमिटेडले **AAA** देखि **D** प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा **AAA** रेटिङ्ग ले बलिया आधार जनाउँछ भने **D** रेटिङ्ग ले कमजोर आधारहरु जनाउँछ । रेटिङ्ग **AA, A, BBB, BB, B** र **C** मा प्रयोग गरिने + **(Plus)** र - **(Minus)** चिन्हले यस समूहका तुलनात्मक स्थितिलाई जनाउँछ ।

**क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०७७/११/०७ गते ।** **बहाल रहने अवधि २०७८/११/०६ गतेसम्म ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७८/०२/०९ गते ।
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७८/०४/०५ गते ।
हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७८/०४/२५ गते ।(बैंकिङ समय पश्चात्) ।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक**

**ग्लोबल आइएमई क्यापीटल लिमिटेड**

पो.ब.नं.२१५९९, नक्साल, काठमाण्डौ ।

फोन नं. ४५४५६४९, ४५४५६५० फ्याक्स नं. ४५४५७०२

Email:info@globalimecapital.com

web: www.globalimecapital.com

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको website:**www.hidcl.org.np, **धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको website: www.globalimecapital.com र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

(क) **संगठित संस्थाको नामः हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (Hydroelectricity Investment And Development Company Ltd. (HIDCL) (साविकको नामः– जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड)**

(ख) **संगठित संस्थाको रजिष्टर्ड कार्यालयः** यस कम्पनीको रजिष्टर्ड कार्यालय हात्तीसार, काठमाण्डौ, नेपालमा रहेको छ ।

(ग) **कारोबार स्थान :** यस कम्पनीले कारोवार गर्ने गरी काठमाण्डौ महानगरपालिका - १, हात्तीसार, काठमाण्डौ, नेपाल स्थित रजिष्टर्ड (कर्पोरेट) कार्यालयबाट आफ्नो काम कारोवार गर्दै आईरहेको छ ।

(घ) **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**यस कम्पनीको संक्षिप्त इतिहासः**

– यस कम्पनी जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको नाममा कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६८।०३।२७ मा दर्ता भएको हो । मिति २०६८/०४/०२ मा नेपाल राजपत्र, भाग ५ खण्ड ६१, संख्या १४ मा सूचना प्रकाशन गरी नेपाल सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८, को दफा २ को खण्ड (छ) ले दिएको अधिकार प्रयोग गरी कम्पनीलाई वित्तिय संस्थाको रुपमा तोकिएको र मिति २०६९/०३/२६ मा नेपाल राष्ट्र बैंकबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ बमोजिम ऋण लगानी गर्न स्वीकृति प्राप्त भएको हो । कम्पनीको रजिष्टर्ड कार्यालय बबरमहल, काठमाण्डौमा रहदै आएकोमा मिति २०७४/०७/२३ गतेदेखि काठमाण्डौ महानगरपालिका वडा नं. १ हात्तीसारमा रही कारोवार गर्दै आएको छ । कम्पनीको छैटौं वार्षिक साधारण सभाको निर्णय अनुसार श्री कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृतिबाट कम्पनीको नाम परिवर्तन भई हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड कायम भएको छ ।

– मुलुकमा विद्यमान उर्जाको मागलाई पूर्ति गर्दै विद्यमान उर्जा संकट निवारण गर्न जलविद्युत आयोजनाको कार्यान्वयन निर्माण एवं सञ्चालनका लागि पूँजीको उपलब्धता र परिचालन सरल, सहज तथा प्रभावकारी रुपमा गरी लगानी व्यवस्थापन गर्नका लागि नेपाल सरकारको अग्रसरतामा नयाँ राष्ट्रिय लक्ष्य सहित यस कम्पनी स्थापना भएको हो ।

– कम्पनीले मुलुकको उर्जा विकासमा टेवा पुऱ्याउन राष्ट्रिय प्राथमिकतामा रहेको जलविद्युत क्षेत्रमा लगानी गर्ने नेतृत्वदायी भूमिकालाई निरन्तरता दिँदै आएको छ र हालसम्म नीजि क्षेत्र तथा नेपाल सरकारबाट प्रवर्द्धित कूल १,०९७ मेगावाट क्षमताका १७ वटा जलविद्युत आयोजनाहरुमा रु.१२ अर्ब ९१ करोड ऋण तथा स्वपूँजी लगानी गर्ने गरी प्रतिवद्धता गरिसकेको छ । यसका साथै जलविद्युत क्षेत्रसँग सम्वन्धित विभिन्न ४ वटा कम्पनीहरुमा रु.९२ करोड शेयर लगानी गर्ने प्रतिवद्धता गरेको छ ।

– मुलुकमा विप्रेषणबाट प्राप्त हुने रकमको केही अंश जलविद्युत आयोजनाको निर्माणमा परिचालन गर्ने उद्देश्यले कम्पनीले रेमिट हाइड्रोको अवधारण विकास गरी सोको कार्यान्वयनका लागि रेमिट हाइड्रोको लिमिटेड नामका सहायक कम्पनी खडा गरी ७७.५ मेगाबाटको घुन्सा खोला तथा ७०.३ मेगावाटको सिम्बुवा खोला जलविद्युत आयोजना निर्माण गर्ने कार्य गरिरहेको छ । उक्त दुवै आयोजनाहरुको विस्तृत अध्ययनको अन्तिम चरणमा रहेको छ र घुन्सा खोला जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौताको प्रकृयामा रहेको छ तथा आयोजनाको पहुँच मार्ग निर्माणको कार्य जारी रहेको छ । उक्त दुई आयोजनाहरुलाई छुट्टाछुट्टै कम्पनीहरु मार्फत अगाडि बढाउने उद्देश्यले यस कम्पनीको स्वामित्वमा सिम्बुवा रेमिट हाइड्रो लि. एक नयाँ सहायक कम्पनी स्थापना गरी सिम्बुवा खोला जलविद्युत आयोजनालाई सो कम्पनी अन्तर्गत विकास गर्ने योजना अनुसार सर्वेक्षण अनुमतिपत्र हस्तान्तरण गरी थप कार्य अगाडि बढेको छ । उल्लेखित जलविद्युत आयोजनाहरुको निर्माणका लागि आवश्यक वित्तीय व्यवस्थापन गर्न यस कम्पनीले अग्रणी भूमिका निर्वाह गर्ने लक्ष्य लिएको छ ।

– माथि उल्लेखित आयोजनाहरुका अतिरित्त कम्पनीले कुल ९१२ मेगावाटका दुई राष्ट्रिय महत्वका जलाशययुक्त आयोजनाहरु निर्माण गर्ने योजना रहेको छ । जस मध्ये विद्युत विकास विभागबाट १५६ मेगावाट क्षमताको माडी जलाशययुक्त जलविद्युत आयोजनाको विद्युतिय उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी सो आयोजना विकास गर्न चीनको सरकारी कम्पनी पावर कन्स्ट्रक्सन कर्पोरेशन अफ चाइना लि. (पावरचाइना) सँग समझदारी पत्रमा हस्ताक्षर गरी ज्वाईन्ट भेन्चर कम्पनी स्थापना गर्ने र आयोजना अध्ययनको प्रकृया अगाडि बढाएको छ । यसै गरी लगानी बोर्ड नेपालबाट सर्भे तथा अध्ययनको लागि अनुमति प्राप्त भएको ७५६ मेगावाटको तमोर जलाशययुक्त जलविद्युत आयोजनाको विकासको लागि पावरचाइनासँग समझदारी पत्रमा हस्ताक्षर भई संयुक्त उपक्रम मार्फत सो आयोजना विकास गर्ने गरी आयोजनाको अध्ययन कार्य अगाडि बढेको छ ।

– कम्पनीले आफ्नो वित्तीय स्रोतबाट लगानी गरेका आयोजनाहरु बाहेक ताप्लेजुङ्ग र पाँचथर जिल्लामा निर्माणाधिन ३७.६ मेगावाट क्षमताको कावेली ए जलविद्युत आयोजनाको लागि विश्व बैंकबाट नेपाल सरकारलाई प्राप्त हुने ४० मिलियन अमेरिकी डलर ऋण उक्त आयोजनालाई यस कम्पनी मार्फत सहायक ऋणको रुपमा उपलब्ध गराउन विश्व बैंक, नेपाल सरकार तथा कावेली इनर्जी लिमिटेड बीच सम्झौता भए अनुसार ऋण प्रवाह भएको छ ।

**यस कम्पनीका मुख्य उद्देश्यहरु :**

यस कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीको दफा ४ मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनामा कम्पनीले शेयर वा ऋण लगानी गर्ने ।

(ख) जलविद्युत उत्पादन प्रसारण तथा वितरण गर्ने परियोजनाका लागि बैंक तथा वित्तीय संस्था मार्फत लगानी गर्ने ।

(ग) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनामा वित्तीय लगानी गर्ने प्रयोजनका लागि विदेशी संस्थाबाट ऋण तथा अनुदान प्राप्त गर्ने ।

(घ) कम्पनीले आफ्नो नामबाट बण्ड, डिवेन्चर लगायतका ऋणपत्रहरु तथा सर्टिफिकेट अफ डिपोजिट जस्ता वित्तीय उपकरणहरु जारी गरी दिर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने ।

(ङ) जलविद्युत परियोजनाले जारी गर्ने बण्ड, डिवेञ्चर जस्ता ऋणपत्रमा कम्पनीले लगानी गर्ने ।

(च) जलविद्युत परियोजनाहरुको प्राविधिक मूल्यांकनको लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्नेछ ।

(छ) आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजना लिई लगानीकर्ता जुटाउने ।

(ज) सम्वन्धित निकायको स्वीकृतीमा सामुहिक लगानी कोष स्थापना एवं सञ्चालन गर्ने ।

(झ) जलविद्युत क्षेत्रको विकासका लागि नेपाल सरकारद्धारा सञ्चालित पूँजी संकलनका कार्यक्रम वा योजनाहरुको कोष व्यवस्थापकको रुपमा काम गर्ने ।

## (ङ) शेयर पूँजीको संरचना :

(क) **अधिकृत पुँजी :** यस कम्पनीको अधिकृत पूँजी रू. ५०,००,००,००,०००/– (अक्षरेपी पचास अरव मात्र) रहेको छ । जसलाई प्रति शेयर अंकित मूल्य रू. १००/– का दरले जम्मा ५०,००,००,०००/– (पचास करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) **जारी पुँजी :** यस कम्पनीको जारी पूँजी रू. २२,००,००,००,०००/– (अक्षरेपी बाइस अरव मात्र) रहेको छ । जसलाई प्रति शेयर अंकित मूल्य रू.१००/– का दरले जम्मा २२,००,००,००० (बाइस करोड मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) **चुक्ता पुँजी :** कम्पनीको साविकको चुक्ता पूँजी रु. ११ अरब रहेकोमा नेपाल सरकारबाट हकप्रद शेयर वापत रु. ५ अरब ५० करोड प्राप्त भई हाल यस कम्पनीको चुक्ता पूँजी रू. १६,५०,००,००,०००/– (अक्षरेपी सोह्र अरब पचास करोड मात्र) रहेको छ । जसलाई प्रति शेयर अंकित मूल्य रू.१००/– का दरले जम्मा १६,५०,००,००० (सोह्र करोड पचास लाख मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.२२,००,००,००,०००/– (अक्षरेपी बाइस अरव मात्र) हुनेछ ।

## (च) हकप्रद शेयर निष्कासन गर्नुपूर्व र निष्कासन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :

**हकप्रद शेयर निष्कासन गर्नु पूर्व संगठित संस्थाको चुक्ता पूँजीको संरचना :**

| क्र.सं. | समूह | शेयरधनीहरु | शेयर संख्या | चुक्ता रकम (रु.) | पुँजी संरचना % | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | "क" | संस्थापक शेयरधनीहरु | ८,८०,००,००० | ८,८०,००,००,००० | ८०% | शतप्रतिशत |
| २. | "ख" | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | २,२०,००,००० | २,२०,००,००,००० | २०% | शतप्रतिशत |
| | | **जम्मा** | **११,००,००,०००** | **११,००,००,००,०००** | **१००%** | |

**हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात हुने कम्पनीको चुक्ता पुँजीको संरचना :**

| क्र.सं. | समूह | शेयरधनीहरु | शेयर संख्या | चुक्ता रकम (रु.) | पुँजी संरचना % | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | "क" | संस्थापक शेयरधनीहरु | १७,६०,००,००० | १७,६०,००,००,००० | ८०% | शतप्रतिशत |
| २. | "ख" | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ४,४०,००,००० | ४,४०,००,००,००० | २०% | शतप्रतिशत |
| | | **जम्मा** | **२२,००,००,०००** | **२२,००,००,००,०००** | **१००%** | |

## (छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्याः

| क्र. स. | नाम | पद | शैक्षिक योग्यता | अनुभव र प्रस्तावित व्यापार/ व्यवसायमा अनुभव | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार, अर्थ मन्त्रालय | संस्थागत शेयरधनी | | | | | | २,२०,००,००० |
| २ | नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | संस्थागत शेयरधनी | | | | | | १,१०,००,००० |
| ३ | नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय | संस्थागत शेयरधनी | | | | | | १,१०,००,००० |
| ४ | नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय | संस्थागत शेयरधनी | | | | | | १,१०,००,००० |
| ५ | कर्मचारी संचय कोष | संस्थागत शेयरधनी | | | | | | १,१०,००,००० |
| ६ | राष्ट्रिय बीमा संस्थान | संस्थागत शेयरधनी | | | | | | १,१०,००,००० |

| | | | |
|---|---|---|---|
| ७ | नागरिक लगानी कोष | संस्थागत शेयरधनी | १,१०,००,००० |
| **जम्मा (संस्थापक शेयरधनीहरु) "क"** | | | **८,८०,००,०००** |
| **सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) "ख"** | | | **२,२०,००,०००** |
| **कूल जम्मा** | | | **११,००,००,०००** |

शेयरधनी संस्थाहरुको सञ्चालकहरुको विवरणः

(अ) कर्मचारी सञ्चय कोषः

| क्र.सं. | नाम | पद | विवरण | शैक्षिक योग्यता | सञ्चालकले ग्रहण गरेको शेयर संख्या |
|---|---|---|---|---|---|
| १. | श्री रामशरण पुडासैनी | अध्यक्ष | सचिव (राजश्व), नेपाल सरकार, अर्थ मन्त्रालय | स्नातकोत्तर | - |
| २. | श्री झक्क प्रसाद आचार्य | सञ्चालक | सहसचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | स्नातकोत्तर | - |
| ३. | प्रा.डा. जीवन कुमार भट्टराई | सञ्चालक | क्याम्पस प्रमुख, नेपाल कमर्स क्याम्पस | पि.एच.डि. | - |
| ४. | श्री निरज बहादुर शाही | सञ्चालक | प्रहरी अतिरिक्त महानिरीक्षक, नेपाल प्रहरी | स्नातकोत्तर | - |
| ५. | श्री गणेश सिंह भण्डारी | सञ्चालक | सहायक रथी, नेपाली सेना | स्नातकोत्तर | - |
| ६. | श्री किरण कुमार श्रेष्ठ | सञ्चालक | प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय वाणिज्य बैंक | स्नातकोत्तर | - |
| ७. | श्री तुलसी प्रसाद गौतम | सञ्चालक | प्रशासक, कर्मचारी सञ्चय कोष | स्नातकोत्तर | - |

(आ)राष्ट्रिय वीमा संस्थानः

| क्र.सं. | नाम | पद | विवरण | शैक्षिक योग्यता | सञ्चालकले ग्रहण गरेको शेयर संख्या |
|---|---|---|---|---|---|
| १. | श्री गंगाराम कंडेल | अध्यक्ष | बुढानीलकण्ठ-५, काठमाण्डौ | स्नातकोत्तर | - |
| २. | श्री बसन्त राज पाण्डे | सञ्चालक | बेलकोटगढी -१३, नुवाकोट | स्नातक | - |
| ३. | श्री कपिल प्रसाद सुवेदी | सञ्चालक | उपसचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | स्नातकोत्तर | - |
| ४. | श्री होमबहादुर खड्का | सञ्चालक | का.मु. सहायक प्रमुख कार्यकारी अधिकृत, नेपाल बैंक लिमिटेड | स्नातकोत्तर | - |
| ५. | श्री बिमलराज खनाल | सञ्चालक | निर्देशक, नेपाल राष्ट्र बैंक | स्नातकोत्तर | - |
| ६. | श्री कवि प्रसाद पाठक | सञ्चालक | प्रशासक, राष्ट्रिय वीमा संस्थान | स्नातकोत्तर | - |

(इ) नागरिक लगानी कोषः

| क्र.सं. | नाम | पद | विवरण | शैक्षिक योग्यता | सञ्चालकले ग्रहण गरेको शेयर संख्या |
|---|---|---|---|---|---|
| १. | प्रा.डा. रामचन्द्र भट्टराई | अध्यक्ष | बुढानीलकण्ठ-१०, काठमाण्डौ | पि.एच.डि. | - |
| २. | श्री रामेश्वर दंगाल | सञ्चालक | चाङ्गुनारायण, भक्तपुर | स्नातकोत्तर | - |
| ३. | श्री कवि प्रसाद पाठक | सञ्चालक | प्रशासक, राष्ट्रिय वीमा संस्थान | स्नातकोत्तर | - |
| ४. | श्री चन्द्र सिंह साउद | सञ्चालक | प्रमुख कार्यकारी अधिकृत, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड | स्नातकोत्तर | - |
| ५. | श्री कमलेश कुमार अग्रवाल | सञ्चालक | न्यू प्लाजा, काठमाण्डौ | स्नातकोत्तर | - |
| ६. | श्री अशोक बुढाथोकी | सञ्चालक | ललितपुर-१४, खुमलटार | स्नातकोत्तर | ९४२ |
| ७. | श्री गंगाराम बि.क. | सञ्चालक | कलंकी, काठमाण्डौ | पि.एच.डि. | - |

**(ज) निष्कासन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस विवरण मार्फत हकप्रद शेयर जारी गर्नु अघि कायम चुक्ता पूँजी रु. ११,००,००,००,०००/– को एक शेयर बराबर नयाँ एक शेयर (१: १) ( अर्थात् विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.११,००,००,००,०००/- बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/– दरका ११,००,००,००० कित्ता हकप्रद शेयर निष्कासन गरिनेछ । जसमध्य धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १२ को उपदफा (४) बमोजिम हकप्रद शेयरको लागि सर्वसाधारण समुहका शेयरधनीका लागि हकप्रद शेयरको दरखास्त खुल्ला गर्नु भन्दा अगाडि कम्पनीका सञ्चालक लगायत आधारभूत शेयरधनीहरुले आफुले लिनु पर्ने हकप्रद शेयर बराबरको रकम जम्मा गरिसक्नुपर्ने व्यवस्था भए बमोजिम संस्थापक शेयरधनीहरुबाट हकप्रद शेयर वापतको रकम माग भएकोमा हालसम्म संस्थापक शेयरधनीहरु मध्ये नेपाल सरकार, अर्थ मन्तालयको रु.२.२० अर्व, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयको रु.१.१०/१.१० अर्ब समेत गरी मिति २०७५/०३/२७ मा रु. ५ अर्ब र मिति २०७६/३/१० मा रु.५० करोड गरी जम्मा रु.५ अर्ब ५० करोड प्राप्त भईसकेको छ ।

**(झ) धितोपत्र निष्कासन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

मिति २०७५/०९/३० गते सम्पन्न सातौं वार्षिक साधारण सभाबाट पारित भए बमोजम बोनस शेयर जारी गरे पश्चात कायम हुने चुक्ता पूँजीको १००% प्रतिशतले हुने रु.११,००,००,०००/- हकप्रद शेयर जारी गर्ने बिषय उपर छलफल हुँदा सो लाई सर्वसम्मतिबाट पारित भएको थियो । सो सभाबाट निर्णय भएको हकप्रद शेयर जारी गर्ने प्रकृयाका सम्बन्धमा मिति २०७६/०९/२८ गते सम्पन्न आठौं वार्षिक साधारण सभा र मिति २०७७/०९/२९ गते सम्पन्न नवौं वार्षिक साधारण सभामा शेयरधनीहरु बीच छलफल गरी हालसम्म भएको प्रकृयाको बारेमा जानकारी गराइएको थियो ।

साधारण सभा सम्पन्न भएको मिति : **२०७५/०९/३० गते सम्पन्न सातौं बार्षिक साधारण सभा ।**

**(ञ) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**

यस कम्पनीको सञ्चालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| क्र.सं. | नाम | पद | शैक्षिक योग्यता | अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव | उमेर |
|---|---|---|---|---|---|
| १. | श्री देवेन्द्र कार्की (सचिव - नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय) | अध्यक्ष | एम.एस्सी. ( सिभिल इञ्जिनियरिङ्ग) एम.ए. (ग्रामीण विकास) | नेपाल सरकारको अधिकृत स्तरमा २५ वर्षको अनुभव । | ५५ |
| २. | श्री पाराश्वर ढुङ्गाना (सहसचिव - नेपाल सरकार, अर्थ मन्त्रालय) | सञ्चालक | वाणिज्य कानूनमा स्नातकोत्तर | नेपाल सरकारको निजामती सेवामा करिब २२ वर्षको अनुभव । | ४९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | श्री सुशील कोइराला (सहसचिव - नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय) | सञ्चालक | एल.एल.एम. ( मानव अधिकार कानून) | नेपाल सरकारको निजामती सेवामा करिब २८ वर्षको अनुभव । | ५५ |
| ४. | श्री रमण नेपाल (कार्यकारी निर्देशक –नागरिक लगानी कोष) | सञ्चालक | एम.ए. ( अर्थशास्त्र), एम.फिल. | नेपाल राष्ट्र बैंकमा ३० वर्ष र नागरिक लगानी कोषमा २.५ वर्षको अनुभव | ५८ |
| ५. | श्री पराक्रम शर्मा (चार्टर्ड एकाउन्टेन्ट) | स्वतन्त्र सञ्चालक | चार्टर्ड एकाउन्टेन्ट | लेखापरीक्षण तथा परामर्श क्षेत्रमा २१ वर्षभन्दा बढीको अनुभव । | ५२ |
| ६. | श्री डा.ई.मेग बहादुर विश्वकर्मा (जलविद्युत विशेषज्ञ) | स्वतन्त्र सञ्चालक | PhD in Hydraulic Engineering | जलविद्युत इन्जिनियङ्गीमा ३१ वर्षको अनुभव । | ५७ |

**नोट :** कम्पनीमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक पदमा निर्वाचित श्री सुधीर ज्ञवालीको कार्यकाल मिति २०७७/०९/२९ मा समाप्त भएकोले सो पद हाल रिक्त रहेको छ ।

**प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :**

**नाम :** अर्जुन कुमार गौतम, प्रमुख कार्यकारी अधिकृत
**ठेगाना :** चैनपुर न.पा. ६, संखुवासभा
**शैक्षिक योग्यता :** एम.पि.ए., एम.बि.ए.,चार्टर्ड एकाउन्टेन्ट
**अनुभव :** वित्तीय व्यवस्थापन तथा लगानीको क्षेत्रमा ३१ वर्षको अनुभव

## (ट) सञ्चालक समितिको बनौट :

यस कम्पनीको नियमावलीको भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरु रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछः

| | |
|---|---|
| "क" समूह कासंस्थापक शेयरधनीहरुबाट मनोनित सञ्चालकहरुः<br>– अर्थ मन्त्रालयबाट १ जना (सचिव वा सहसचिव)<br>– उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट १ जना (सचिव वा सहसचिव)<br>– कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट पालोक्रम अनुसार १ जना (सचिव वा सहसचिव)<br>– कर्मचारी सञ्चयकोष, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषबाट शेयर स्वामित्वका आधारमा पालोक्रम अनुसार १ जना | ४ जना |
| "ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालक | १ जना |
| सञ्चालक समितिको सिफारिसमा साधारण सभाबाट नियुक्त स्वतन्त्र सञ्चालकहरु<br>– स्वतन्त्र ब्यावसायिक सञ्चालक(चार्टर्ड एकाउण्टेण्ट वा वित्त विश्लेषक वा व्यवस्थापन विज्ञ) १ जना<br>– स्वतन्त्र ब्यावसायिक सञ्चालक (जल विद्युत विशेषज्ञ) १ जना | २ जना |
| **जम्मा** | **७ जना** |

यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा यस कम्पनीको न्यूनतम १०० कित्ता शेयर लिएको हुनु पर्नेछ र यस्तो शेयर बन्धकमा रहेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक, स्वतन्त्र सञ्चालक तथा बैकल्पिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुनेछैन ।

## (ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्कासन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्कासन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविकका शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर नयाँ एक शेयर (१ : १) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविकका शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

## (ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तैः शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गर्नेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**(ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछन्। यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँड गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्कासन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई कम्पनीको सञ्चालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँड गरिनेछ । यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हकभन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**(ण) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भई नसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणको साथै प्रक्षेपित प्रति शेयर आम्दानी (इ.पि.एस), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशनपूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

## <u>वासलात (समष्टिकृत)</u>

रकम रु. हजारमा

| विवरण | वास्तविक | | | अनुमानित * | प्रक्षेपित ** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. |
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| सम्पति र उपकरण | १०८,१०५ | १७६,२५० | ३७२,९८१ | ५६६,३५४ | ६१६,३५४ | ७२७,३५४ | ७१८,३५४ |
| शेयर लगानी | २१२,२५० | ३४९,०५० | ३४९,०५० | १,८२९,०५० | ८,४४७,४०० | १८,४८१,५०० | २९,१६२,६५० |
| कर्पोरेट बण्ड लगानी | ८०,००० | ८०,००० | ८३,६१० | ८०,००० | ८०,००० | ८०,००० | ८०,००० |
| ऋण लगानी | १,३७१,४६२ | २,३३७,६८५ | ३,६६३,८३७ | ४,७७१,२३५ | ७,९६१,२८० | १०,८५४,१७३ | १८,२६४,९१६ |
| अनलेण्डिङ्ग ऋण | ७८५,६२१ | १,०९८,२५७ | १,२२७,१२४ | १,२२७,१२४ | १,१३३,६२४ | ८६१,०६९ | ५८८,५१३ |
| चालू सम्पति | | | | | | | |
| अग्रिम भुक्तानी, पेश्की तथा पाउनुपर्ने हिसाब | ८४,८३२ | १९४,५९२ | ३१५,४१२ | ४६५,५४० | ५७९,१८३ | ६४५,३७२ | ७१२,८६१ |
| मुद्दति निक्षेप | ९,३९०,००० | १४,६००,००० | १२,६२२,५९४ | १०,४३९,६६७ | ६,२९१,१०८ | ४,३९८,२९७ | ६,५९७,०४३ |
| नगद तथा बैंक मौज्दात | ५,३११,१५७ | ४७७,१३१ | ७१४,८०८ | ५४९,४५६ | १,११०,१९५ | ७७६,१७० | १,१६४,१८४ |
| **जम्मा सम्पति** | **१७,३४३,४२६** | **१९,३१२,९६४** | **१९,३४९,४१६** | **१९,९२८,४२७** | **२६,२१९,१४४** | **३६,८२३,९३५** | **५७,२८८,५२१** |
| पूँजी तथा दायित्व | | | | | | | |
| पूँजी | | | | | | | |
| चुक्ता पूँजी | १०,०००,००० | ११,०००,००० | १६,५००,००० | १६,५००,००० | २२,०००,००० | २२,०००,००० | २२,०००,००० |
| शेयर लगानी वापत पेश्की | ५,०००,००० | ५,५००,००० | - | - | - | - | - |
| जगेडा तथा कोषहरु | १,३०९,९२२ | १,३७७,५६७ | १,०६८,०५५ | १,९३२,८७१ | २,७५८,३२४ | ३,५७८,४११ | ४,२६७,६८६ |
| **दायित्व** | | | | | | | |
| बाह्य ऋण | - | - | - | - | - | १०,०००,००० | ३०,०००,००० |
| अनलेण्डिङ्ग ऋण | ७८७,७५२ | १,०९८,२५७ | १,२२७,१२४ | १,२२७,१२४ | १,१३३,६२४ | ८६१,०६९ | ५८८,५१३ |
| अन्य गैह्र चालु दायित्व | ३,००९ | २,७६५ | ६,०९० | १०,००० | १०,००० | १०,००० | १०,००० |
| चालु दायित्व | | | | | | | |
| भुक्तानी गर्नुपर्ने रकम | २४२,७४४ | ३३४,३७५ | ५४८,१४६ | २५८,४३२ | ३१७,१९६ | ३७४,४५५ | ४२२,३२२ |
| **जम्मा पूँजी तथा दायित्व** | **१७,३४३,४२६** | **१९,३१२,९६४** | **१९,३४९,४१६** | **१९,९२८,४२७** | **२६,२१९,१४४** | **३६,८२३,९३५** | **५७,२८८,५२१** |

*<u>नोट :</u> एनएफआरएस अनुसार वर्गीकरण गरी लेखापरीक्षण गरिएको वित्तीय विवरणलाई सर्वसाधारणले बुझ्न सजिलो हुने गरी शीर्षकहरु राखी पुनर्वगीकरण गरिएको छ । आ.व. २०७७/७८ को पौष मसान्तसम्मको यथार्थ वित्तीय अवस्थाका आधारमा आ.व. २०७७/७८ को अनुमानित वित्तीय विवरण तयार गरिएको छ ।*

## नाफा नोक्सान हिसाब (समष्टिकृत)

रकम रु. हजारमा

| विवरण | वास्तविक | | | अनुमानित* | प्रक्षेपित ** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. |
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| आम्दानी | | | | | | | |
| शेयर लगानीबाट आम्दानी | ११,६२० | १०,७७३ | १०,७७३ | १०,७७३ | १०,७७३ | ८०,७०० | १४०,७०० |
| ऋण लगानीबाट आम्दानी | १२४,६३४ | २११,४८३ | ३०५,७५८ | ३७८,९०१ | ५७८,७५१ | ९५०,२७५ | १,४७०,६६१ |
| बैंक ब्याज आम्दानी | १,१९३,८४३ | १,५४५,२४० | १,३५०,३६४ | १,०००,८५१ | ७५७,६२३ | ४४१,२६२ | ४४९,९२५ |
| अन्य आम्दानी | १५४ | ३९२ | २,८१४ | १३० | ३०,००० | ३०,००० | ५०,००० |
| **कुल आम्दानी** | **१,३३०,२५१** | **१,७६७,८८८** | **१,६६९,७०८** | **१,३९०,६५५** | **१,३७७,१४६** | **१,५०२,२३७** | **२,१११,२८६** |
| न्यून: | | | | | | | |
| कर्मचारी खर्च | (२४,८२०) | (२८,०७६) | (३७,६२४) | (३५,७४३) | (३९,३१७) | (४३,२४९) | (४७,५७४) |
| सञ्चालन तथा प्रशासनिक | (२९,२१७) | (४६,४७२) | (५५,३५०) | (४४,२८०) | (५७,५६४) | (६३,३२१) | (६९,६५३) |
| वित्तीय खर्च | - | - | - | - | - | (१५०,०००) | (९००,०००) |
| ह्रास कट्टी र परिशोधन | (३,५३२) | (६,२२३) | (७,१४५) | (६,६२६) | (१४,०००) | (१४,०००) | (१४,०००) |
| कर्जामा सम्भावित जोखिम | (६,२२७) | (१०,०६४) | (१३,०७१) | (११,०७४) | (३२,२२३) | (२९,२२१) | (७४,८५६) |
| कर्मचारी वोनस व्यवस्था | (९३,८४०) | (८३,९९२) | (७८,८२०) | (६१,५६८) | (५८,७६४) | (५७,२५९) | (४७,८६७) |
| **आय कर अघिको मुनाफा** | **१,१७२,६१५** | **१,५९३,०६१** | **१,४७७,६९८** | **१,२३१,३६३** | **१,१७५,२७९** | **१,१४५,१८७** | **९५७,३३७** |
| आय कर खर्च | (३६५,०३६) | (५००,०८३) | (४६९,५७७) | (३६६,५४७) | (३४९,८२५) | (३२५,१००) | (२६८,०६१) |
| **यस अवधिको मुनाफा** | **८०७,५७८** | **१,०९२,९७८** | **१,००८,१२१** | **८६४,८१६** | **८२५,४५३** | **८२०,०८७** | **६८९,२७५** |

| नाफा नोक्सान बाँडफाँड हिसाब | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गत वर्षसम्मको संचित | ९९८,७७९ | १,३०९,९२२ | १,३७७,५६७ | १,०६८,०५५ | १,९३२,८७१ | २,७५८,३२४ | ३,५७८,४११ |
| यस वर्षको मुनाफा | ८०७,५७८ | १,०९२,९७८ | १,००८,१२१ | ८६४,८१६ | ८२५,४५३ | ८२०,०८७ | ६८९,२७५ |
| जम्मा | १,८०६,३५७ | २,४०२,९०० | २,३८५,६८८ | १,९३२,८७१ | २,७५८,३२४ | ३,५७८,४११ | ४,२६७,६८६ |
| लाभांश/वोनस शेयर (चालू | ४९६,४३६ | १,०२५,११६ | १,३२०,००० | - | - | - | - |
| समायोजन | - | (२१७) | २,३६७ | - | - | - | - |
| वासलातमा सारिएको संचित | १,३०९,९२२ | १,३७७,५६७ | १,०६८,०५५ | १,९३२,८७१ | २,७५८,३२४ | ३,५७८,४११ | ४,२६७,६८६ |

*नोट :* *एनएफआरएस अनुसार वर्गीकरण गरी लेखापरीक्षण गरिएको वित्तीय विवरणलाई सर्वसाधारणले बुझ्न सजिलो हुने गरी शीर्षकहरु राखी पुनर्वर्गीकरण गरिएको छ। आ.व. २०७७/७८ को पौष मसान्तसम्मको यथार्थ वित्तीय अवस्थाका आधारमा आ.व. २०७७/७८ को अनुमानित वित्तीय विवरण तयार गरिएको छ।*

# नगद प्रवाह विवरण (समष्टिकृत)

रकम रु. हजारमा

| विवरण | वास्तविक | | | अनुमानित * | प्रक्षेपित ** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. |
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | | | | | |
| आय कर अघिको मुनाफा | १,१७२,६१५ | १,५९३,०६१ | १,००८,१२१ | १,२३१,३६३ | १,१७५,२७९ | १,१४५,१८७ | ९५७,३३७ |
| समायोजनः गैह्र नगद खर्च र गैह्र सञ्चालन खर्च | | | | | | | |
| ह्रास कट्टी र परिशोधन | ३,३४० | ६,२२३ | ७,१४५ | ६,६२६ | १४,००० | १४,००० | १४,००० |
| लाभांश आम्दानी | (११,६२०) | (१०,७७३) | (१०,७७३) | (१०,७७३) | (१०,७७३) | (८०,७००) | (१४०,७००) |
| लगानीबाट ब्याज आम्दानी | (७,२००) | (७,२००) | (७,२००) | (७,२००) | (७,२००) | (७,२००) | (७,२००) |
| **सञ्चालन सम्पति र दायित्व परिवर्तन** | | | | | | | |
| सञ्चालन सम्पतिमा परिवर्तन | ११३,१६४ | (५,४०१,३९०) | (४२,२१४) | (१५०,१२८) | (११३,६४३) | (६६,१८९) | (६७,४८९) |
| सञ्चालन दायित्वमा परिवर्तन | ६४७,२८८ | ४०७,८२५ | ३४५,९६३ | (२८५,८०४) | (३४,७३६) | (२१५,२९६) | (२२४,६८९) |
| आय कर भुक्तानी अघि सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह | १,९१७,५८७ | (३,४१२,२५४) | १,३०१,०४२ | ७८४,०८५ | १,०२२,९२६ | ७८९,८०२ | ५३१,२५९ |
| आय कर भुक्तानी | (३८२,६१५) | (५५८,९५४) | (१३६,१२०) | (३६६,५४७) | (३४९,८२५) | (३२५,१००) | (२६८,०६१) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **१,५३४,९७२** | **(३,९७१,२०८)** | **१,१६४,९२३** | **४१७,५३७** | **६७३,१०१** | **४६४,७०१** | **२६३,१९८** |
| **लगानी कारोबारबाट नगद प्रवाह** | | | | | | | |
| सम्पति र उपकरणको खरिद | (३१,८१८) | (६६,७५९) | (२००,३८९) | (२००,०००) | (६४,०००) | (१२५,०००) | (५,०००) |
| अमूर्त सम्पति खरिद | - | - | (४९८) | - | - | - | - |
| अमूर्त सम्पति WIP | (६३३) | (५,१२५) | - | - | - | - | - |
| लाभांश आम्दानी | ११,६२० | १०,७७३ | १०,७७३ | १०,७७३ | १०,७७३ | ८०,७०० | १४०,७०० |
| लगानी सम्पतिको बिक्री/(खरिद) | (१,२१८,१७१) | (१,२७८,८५९) | ५७३,३०१ | (४००,८६२) | (५,५६६,३३४) | (१०,७६१,६२७) | (२०,०१८,०८४) |
| लगानीमा प्राप्त ब्याज | ७,२०० | ७,२०० | ७,२०० | ७,२०० | ७,२०० | ७,२०० | ७,२०० |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **(१,२३१,८०३)** | **(१,३३२,७७०)** | **३९०,३८७** | **(५८२,८८९)** | **(५,६१२,३६१)** | **(१०,७९८,७२७)** | **(१९,८७५,१८४)** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | | | | | |
| शेयर लगानी वापत प्राप्त रकम | - | - | ५,५००,००० | - | ५,५००,००० | - | - |
| शेयर लगानी वापत पेश्की प्राप्त | ५,०००,००० | ५००,००० | (५,५००,०००) | - | - | - | - |
| लाभांश भुक्तानी | (४८१,६९२) | (४,९३२) | (१,३२०,०००) | - | - | - | - |
| जगेडा तथा कोषमा समायोजन | - | (४,०६३) | २,३६७ | ३०,००० | - | - | - |
| दीर्घकालीन ऋण प्राप्त / (भुक्तानी) | - | - | - | - | - | १०,०००,००० | २०,०००,००० |
| शेयर निष्काशन खर्च | - | (२१,०५३) | - | (३०,०००) | - | - | - |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **४,५१८,३०८** | **४६९,९५२** | **(१,३१७,६३३)** | **-** | **५,५००,०००** | **१०,०००,०००** | **२०,०००,०००** |
| **नगद प्रवाहमा भएको खुद वृद्धि/(कमी)** | **४,८२१,४७७** | **(४,८३४,०२६)** | **२३७,६७७** | **(१६५,३५२)** | **५६०,७३९** | **(३३४,०२५)** | **३८८,०१४** |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | ४८९,६७९ | ५,३११,१५७ | ४७७,१३१ | ७१४,८०८ | ५४९,४५६ | १,११०,१९५ | ७७६,१७० |
| नगद तथा नगद समानमा विनिमय दरमा आएको परिवर्तनबाट भएको आम्दानी/(खर्च) | - | - | - | - | - | - | - |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **५,३११,१५७** | **४७७,१३१** | **७१४,८०८** | **५४९,४५६** | **१,११०,१९५** | **७७६,१७०** | **१,१६४,१८४** |

## सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ

रकम रु. हजारमा

| विवरण | वास्तविक | | | अनुमानित * | प्रक्षेपित ** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. |
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| चुक्ता पूँजी | १०,०००,००० | ११,०००,००० | १६,५००,००० | १६,५००,००० | २२,०००,००० | २२,०००,००० | २२,०००,००० |
| जगेडा तथा कोषहरु | १,३०९,९२२ | १,३७७,५६७ | १,०६८,०५५ | १,९३२,८७१ | २,७५८,३२४ | ३,५७८,४११ | ४,२६७,६८६ |
| कुल | ११,३०९,९२२ | १२,३७७,५६७ | १७,५६८,०५५ | १८,४३२,८७१ | २४,७५८,३२४ | २५,५७८,४११ | २६,२६७,६८६ |
| न्यून: अपलेखन गर्न बाँकी खर्चहरु | - | - | - | - | - | - | - |
| कुल नेटवर्थ | ११,३०९,९२२ | १२,३७७,५६७ | १७,५६८,०५५ | १८,४३२,८७१ | २४,७५८,३२४ | २५,५७८,४११ | २६,२६७,६८६ |
| शेयर संख्या (हजारमा) | १००,००० | ११०,००० | १६५,००० | १६५,००० | २२०,००० | २२०,००० | २२०,००० |
| शेयर लगानी वापत पेश्की | ५,०००,००० | ५,५००,००० | - | - | - | - | - |
| औसत शेयर संख्या (Diluted) (हजारमा) | १००,५४८ | १६५,००० | १६५,००० | १६५,००० | २२०,००० | २२०,००० | २२०,००० |
| प्रति शेयर नेट वर्थ (रु.) | ११३.१० | ११२.५२ | १०६.४७ | १११.७१ | ११२.५४ | ११६.२७ | ११९.४० |
| प्रति शेयर आम्दानी (Basic) (रु.) | ८.०८ | ९.९४ | ६.११ | ५.२४ | ३.७५ | ३.७३ | ३.१३ |
| प्रति शेयर आम्दानी (Diluted) (रु.) | ८.०३ | ६.६२ | ६.११ | ५.२४ | ३.७५ | ३.७३ | ३.१३ |
| नेट वर्थमा औसत प्रतिफल (%) | ७.१% | ६.१% | ५.७% | ४.७% | ३.३% | ३.२% | २.६% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न वृद्धि हुने नेट वर्थमा आवश्यक प्रतिफल: | | | | ५.७% | | | |

### प्रक्षेपित वित्तीय विवरणहरु तयार गर्दाका आधार एवं अनुमानहरु :

१. कम्पनीबाट जारी प्रस्तावित हकप्रद शेयर रकम मध्ये नेपाल सरकारबाट भुक्तानी गरिनु पर्ने रु. ५५० करोड प्राप्त भइसकेकोले सो रकमलाई चुक्ता शेयर पूँजीमा समावेश गरिएको छ।

२. कम्पनीबाट आर्थिक वर्ष २०७७ पौष मसान्तसम्म गरिएको शेयर तथा ऋण लगानीको प्रतिवद्धता तथा भुक्तानी भएको रकम यथार्थ प्रस्तुत गरिएको छ र आर्थिक वर्ष २०७७/७८ को अनुमानित वित्तीय विवरण र आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्म गरी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण पेश गरिएको छ।

३. विभिन्न नीजि तथा सरकारी निकायहरुबाट अध्ययनका विभिन्न चरणमा रहेका जलविद्युत आयोजनाहरुलाई आधार मानी नीजि क्षेत्र तथा सरकारी निकाय गरी दुई समूहमा आयोजनाहरु वगीकरण गरी सो आयोजनाहरुमा शेयर वा ऋण लगानी गर्ने प्रक्षेपण गरिएको छ।

४. कम्पनीको व्यवसायिक योजना अनुसार आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा कूल ६२५२ मेगावाट क्षमताका ४८ वटा जलविद्युत आयोजनाहरुमा रु. ११७.४२ अर्ब रकम शेयर तथा ऋण लगानीको सम्झौता गर्ने र सो अवधिमा रु. ४७.६१ अर्ब रकम लगानी प्रवाह गरिसक्ने प्रक्षेपण गरिएको छ।

५. नीजि क्षेत्रबाट प्रवर्द्धित आयोजनाहरुमा शेयर पूँजीको अधिकतम २०% हुने गरी आयोजनाको आकार अनुसार रु. ५० करोड देखि रु. १५० करोडसम्म शेयर लगानी गर्ने अनुमान गरिएको छ। त्यसै गरी सरकारी निकायबाट प्रवर्द्धित आयोजनाहरुमा शेयर पूँजीको अधिकतम २०% हुने गरी आयोजनाको आकार अनुसार रु. १०० करोड देखि रु. ४०० करोड सम्म शेयर लगानी गर्ने अनुमान गरिएको छ। कम्पनीबाट सहायक कम्पनी मार्फत विकास गरिने आयोजनाहरुमा शेयर पूँजीको ५१% सम्म शेयर लगानी गर्ने अनुमान गरिएको छ। ऋण लगानी गर्ने आयोजनामा आयोजनाको आकार अनुसार जम्मा आवश्यक ऋण रकमको १०% देखि २०% सम्म ऋण लगानी गर्ने अनुमान गरिएको छ।

६. नीजि क्षेत्रबाट प्रवर्द्धित आयोजनाहरुमा गरिने शेयर लगानी सम्वन्धित आयोजनामा पहिलो वर्ष प्रतिवद्धता रकमको २०%, दोस्रो वर्ष ४०% र तेस्रो वर्ष ४०% गरी भुक्तानी हुने अनुमान गरिएको छ। सरकारी निकायबाट प्रवर्द्धित आयोजनाहरुमा गरिने शेयर लगानी सम्वन्धित आयोजनामा पहिलो वर्ष प्रतिवद्धता रकमको १०%, दोस्रो वर्ष २०% र तेस्रो वर्ष ३५% र चौथो वर्ष ३५% गरी भुक्तानी हुने अनुमान गरिएको छ। १०० मेगावाटसम्मका आयोजनाहरुमा शेयर लगानी स्वीकृत भएको दोश्रो वर्षदेखि र सो भन्दा ठुला आयोजनाहरुमा शेयर लगानी स्वीकृत भएको तेश्रो वर्षदेखि रकम भुक्तानी शुरु हुने प्रक्षेपण गरिएको छ।

७. १०० मेगावाटसम्मका आयोजनाहरुमा गरिने ऋण लगानी सम्वन्धित आयोजनामा पहिलो वर्ष कुनै भुक्तानी गर्नु नपर्ने र दोस्रो वर्ष प्रतिवद्धता रकमको ३०%, तेस्रो वर्ष ४०% र चौथो वर्ष ३०% गरी भुक्तानी हुने अनुमान गरिएको छ। १०० मेगावाटभन्दा माथिका आयोजनाहरुमा पहिलो र दोस्रो वर्ष कुनै भुक्तानी गर्नु नपर्ने र तेस्रो वर्ष प्रतिवद्धता रकमको १५%, चौथो वर्ष ३०%, पाँचौ वर्ष २५% र छैठौ वर्ष ३०% गरी भुक्तानी हुन अनुमान गरिएको छ।

८. ऋण लगानी भएका १०० मेगावाटसम्मका आयोजनाहरुले व्यापारिक उत्पादन शुरु भएको १२ वर्ष भित्र र सो भन्दा ठुला आयोजनाहरुले व्यापारिक उत्पादन शुरु भएको १५ वर्ष भित्र ऋण चुक्ता गरिसक्ने प्रक्षेपण गरिएको छ।

९. शेयर लगानी गरिएका आयोजनाहरुबाट व्यापारिक उत्पादन शुरु भएको दोस्रो वर्षबाट वार्षिक १५% प्रतिफल प्राप्त हुने अनुमान गरिएको छ।

१०. ऋण लगानी गरिएका आयोजनाहरुबाट लगानी शुरु भए पश्चातदेखि नै आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा ९% र सो पश्चात वार्षिक १०% ब्याज प्राप्त हुने अनुमान गरिएको छ।

११. कम्पनीबाट ऋण वा शेयर लगानी सम्झौता भई वितरण हुन बाँकी रहेको रकमलाई आवधिक रुपमा मुद्दती निक्षेपमा राख्ने र मुद्दती निक्षेपमा आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा वार्षिक ७% र सो पश्चात वार्षिक ८% ब्याज प्राप्त हुने अनुमान गरिएको छ।

१२. आर्थिक वर्ष २०७९/८० देखि कम्पनीले बाह्य ऋण लिनुपर्ने प्रक्षेपण गरिएको छ र स्वदेशी पूँजी बजारमा बण्ड जारी गर्ने, नेपाल सरकारबाट ऋण लिने र वैदेशिक तथा बहुराष्ट्रिय वित्तीय संस्थाहरुबाट सहुलियतपूर्ण ऋण लिने लगायतका वित्तीय उपकरणहरु मार्फत ऋण उठाई जलविद्युत आयोजनाहरुमा लगानी गर्ने र सोको ब्याज वार्षिक ६% हुने प्रक्षेपण गरिएको छ।

१३. सञ्चालन र प्रशासनिक खर्चमा आर्थिक वर्ष २०७७/७८ को आधारमा आर्थिक वर्ष २०७८/७९ मा ३०% बृद्धि हुने र सो पश्चात कर्मचारी खर्च तथा सञ्चालन र प्रशासनिक खर्च औसत रुपमा वार्षिक १०% ले वृद्धि हुँदै जाने अनुमान गरिएको छ ।

**नोट :**

* : आ.व. २०७७/७८ को पौष मसान्तसम्मको यथार्थ वित्तीय अवस्थाका आधारमा व्यवस्थापनबाट प्रमाणित आ.व. २०७७/७८ को अनुमानित वित्तीय विवरण ।

** : प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरुको पुनरावलोकन गरी सो विवरण यर्थाथपरक रहेको भनी प्रमाणित गर्ने विज्ञमा सि.ए. मनोज कुमार खनाल, एम. के. खनाल एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स रहेका छन् ।

**(त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरिक्षण भएको वासलात र नाफा नोक्सान हिसावको विवरण :**

**(क) वित्तीय संस्थाको आ.व. २०७६/७७ को वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण साधारण सभाबाट पारित भई देहाय बमोजिम रहेको छ (NFRS अनुसारको शीर्षकमा राखिएको):**

**नाफा- नोक्सान हिसाब**

**२०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ गतेसम्मको**

| विवरण | आ.व. २०७६/७७ (समष्टिकृत ) (रु. हजार ) |
|---|---|
| आम्दानी | |
| ग्राहकसँगको सम्झौताबाट आम्दानी | २,९९३ |
| ब्याज आम्दानी | १,६५३,१८८ |
| *बैंक ब्याज आम्दानी* | *१,३४३,१६४* |
| *बण्ड लगानीबाट ब्याज आम्दानी* | *७,२००* |
| *ऋण लगानीबाट ब्याज आम्दानी* | *३०२,७६५* |
| *कर्मचारी ऋणबाट ब्याज आम्दानी* | *५९* |
| लाभांश आम्दानी | १०,७७३ |
| अन्य आम्दानी | २,७५४ |
| **कुल आम्दानी** | **१,६६९,७०८** |
| खर्च | |
| कर्मचारी खर्च | ११६,४४४ |
| सञ्चालन खर्च | ५५,३५० |
| ह्रास कट्टी र परिशोधन | ७,१४५ |
| कर्जामा सम्भावित जोखिम व्यवस्था | १३,०७१ |
| कुल खर्च | १९२,०१० |
| **आय कर अघिको मुनाफा** | **१,४७७,६९८** |
| चालु कर | ४७२,५६५ |
| स्थगन कर | (२,९८९) |
| **खुद मुनाफा** | **१,००८,१२१** |

## वासलात

**२०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ गतेसम्मको**

| विवरण | आ.व. २०७६/७७ (समष्टिकृत ) (रु. हजार ) |
|---|---|
| **सम्पति** | |
| सम्पति, यन्त्र र उपकरणहरु | २४८,५६५ |
| अमूर्त सम्पति | ६,४०९ |
| सहायक कम्पनीमा लगानी | - |
| शेयर लगानी (Financial Asset carried at FVTOCI) | ३४९,०५० |
| वित्तीय सम्पति (Financial asset carried at Amortised Cost) | १७,५९७,१६५ |
| *कर्पोरेट बण्ड लगानी* | *८३,६१०* |
| *आयोजनामा ऋण लगानी* | *३,६६३,८३७* |
| *मुद्दति निक्षेप* | *१२,६२२,५९४* |
| *अनलेण्डिङ्ग ऋण लगानी* | *१,२२७,१२४* |
| स्थगन कर सम्पति | *३,१७६* |
| बिक्रीका लागि राखिएको गैह्र चालु सम्पति | *११४,८३०* |
| जम्मा गैह्र चालु सम्पति | १८,३१९,१९६ |
| **चालू सम्पति** | |
| मौज्दात | ४३५ |
| अन्य वित्तीय सम्पति | ५१९ |
| चालु कर सम्पति | २२१,३१७ |
| अन्य सम्पति (अग्रिम भुक्तानी तथा पेश्की) | ९३,१४१ |
| नगद तथा बैंक मौज्दात | ७१४,८०८ |
| जम्मा चालु सम्पति | १,०३०,२२० |
| **जम्मा सम्पति** | **१९,३४९,४१६** |
| **पूँजी तथा दायित्व** | |
| पूँजी | |
| चुक्ता पूँजी | १६,५००,००० |
| शेयर लगानी वापत पेश्की | - |
| जगेडा तथा कोषहरु | १,०६८,०५५ |
| दायित्व | |
| गैह्र चालु दायित्व | |
| कर्मचारी सुविधा वापतको व्यवस्था | ६,०९० |
| अनलेण्डिङ्ग ऋण (Financial liability carried at amortised cost) | १,२२७,१२४ |
| चालु दायित्व | |
| अन्य दायित्व | ५४८,१४६ |
| **जम्मा पूँजी तथा दायित्व** | **१९,३४९,४१६** |

## नगद प्रवाह विवरण

### २०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ गतेसम्मको

| विवरण | आ.व. २०७६/७७ (समष्टिकृत ) (रु. हजार ) |
|---|---|
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| आय कर अघिको मुनाफा | १,००८,१२१ |
| समायोजनः गैह्र नगद खर्च र गैह्र सञ्चालन खर्च | |
| ह्रास कट्टी र परिशोधन | ७,१४५ |
| लाभांश आम्दानी | (१०,७७३) |
| लगानीबाट ब्याज आम्दानी | (७,२००) |
| **सञ्चालन सम्पति र दायित्व परिवर्तन** | |
| सञ्चालन सम्पतिमा परिवर्तन | (४२,२१४) |
| सञ्चालन दायित्वमा परिवर्तन | ३४५,९६३ |
| आय कर भुक्तानी अघि सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह | १,३०१,०४२ |
| आय कर भुक्तानी | (१३६,१२०) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **१,१६४,९२३** |
| **लगानी कारोबारबाट नगद प्रवाह** | |
| सम्पति र उपकरणको खरिद | (२००,३८९) |
| सहायक कम्पनीमा खुद लगानी | - |
| लाभांश आम्दानी | १०,७७३ |
| लगानी सम्पतिको बिक्री/(खरिद) | ५७३,३०१ |
| लगानीमा प्राप्त ब्याज | ७,२०० |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **३९०,३८७** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | |
| शेयर लगानी वापत पेश्की प्राप्त | - |
| लाभांश भुक्तानी | (१,३२०,०००) |
| जगेडा तथा कोषमा समायोजन | २,३६७ |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(१,३१७,६३३)** |
| **नगद प्रवाहमा भएको खुद वृद्धि/(कमी)** | **२३७,६७७** |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | ४७७,१३१ |
| नगद तथा नगद समानमा विनिमय दरमा आएको परिवर्तनबाट भएको आम्दानी/(खर्च) | - |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **७१४,८०८** |

**(ख) आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने :**

– **चालु आर्थिक वर्ष २०७७/७८ को तेश्रो त्रैमासिक अवधि (२०७७ चैत्रमसान्त) सम्मको प्रकाशित वित्तीय विवरण ( समष्टिकृत नगरिएको):**

## वासलात

आ.व. २०७७/७८ चैत्र मसान्तसम्मको समष्टिकृत नगरिएको:

| विवरण | आ.व. २०७७/७८ चैत्र मसान्तसम्मको (रु. हजार) |
|---|---|
| **सम्पति** | |
| सम्पति, यन्त्र र उपकरणहरु | ४२,१७९ |
| अमूर्त सम्पति | ५,४३२ |
| सहायक कम्पनीमा लगानी | ७०६,२७० |
| शेयर लगानी (Financial Asset carried at FVTOCI) | ३५६,५५० |
| वित्तीय सम्पति (Financial asset carried at Amortised Cost) | १६,८९१,९०२ |
| *कर्पोरेट बण्ड लगानी* | *८०,०००* |
| *आयोजनामा ऋण लगानी* | *३,९१५,१६८* |
| *मुद्दति निक्षेप* | *११,६५०,०००* |
| *अनलेण्डिङ्ग ऋण लगानी* | *१,२४६,७३४* |
| स्थगन कर सम्पति | ३,३१८ |
| जम्मा गैह्र चालु सम्पति | १८,००५,६५२ |
| **चालू सम्पति** | |
| मौज्दात | २०१ |
| चालु कर सम्पति | ९५०,३६९ |
| अन्य सम्पति (अग्रिम भुक्तानी तथा पेश्की) | ७३,२९९ |
| नगद तथा बैंक मौज्दात | ८०१,६४० |
| जम्मा चालु सम्पति | १,८२५,५०९ |
| **जम्मा सम्पति** | **१९,८३१,१६१** |
| **पूँजी तथा दायित्व** | |
| पूँजी | |
| चुक्ता पूँजी | १६,५००,००० |
| शेयर लगानी वापत पेश्की | - |
| जगेडा तथा कोषहरु | १,५७४,९७९ |
| दायित्व | |
| गैह्र चालु दायित्व | |
| कर्मचारी सुविधा वापतको व्यवस्था | ४,३८७ |
| अनलेण्डिङ्ग ऋण (Financial liability carried at amortised cost) | १,२४६,७३४ |
| चालु दायित्व | |
| अन्य दायित्व | ५०५,०६१ |
| **जम्मा पूँजी तथा दायित्व** | **१९,८३१,१६१** |

## नाफा नोक्सान हिसाब

आ.व. २०७७/७८ चैत्र मसान्तसम्मको समष्टिकृत नगरिएकोः

| विवरण | आ.व. २०७७/७८ चैत्र मसान्तसम्मको (रु. हजार) |
|---|---|
| आम्दानी | |
| ग्राहकसँगको सम्झौताबाट आम्दानी | २८५ |
| ब्याज आम्दानी | ९८७,८९१ |
| *बैंक ब्याज आम्दानी* | *७२३,४४८* |
| *बण्ड लगानीबाट ब्याज आम्दानी* | *५,३६५* |
| *ऋण लगानीबाट ब्याज आम्दानी* | *२५९,०३१* |
| *कर्मचारी ऋणबाट ब्याज आम्दानी* | *४७* |
| लाभांश आम्दानी | १०,७७३ |
| अन्य आम्दानी | ११४ |
| **कुल आम्दानी** | **९९९,०६३** |
| खर्च | |
| कर्मचारी खर्च | ६५,२२६ |
| सञ्चालन खर्च | १८,२५४ |
| ह्रास कट्टी र परिशोधन | ४,४९३ |
| कर्जामा सम्भावित जोखिम व्यवस्था | २,८६३ |
| कुल खर्च | ९०,८३७ |
| **आय कर अघिको मुनाफा** | **९०८,२२६** |
| चालु कर | २६९,२३६ |
| **खुद मुनाफा** | **६३८,९९०** |

**नगद प्रवाह विवरण**

**आ.व. २०७७/७८ चैत्र मसान्तसम्मको समष्टिकृत नगरिएको:**

| विवरण | आ.व. २०७७/७८ चैत्र मसान्तसम्मको (रु. हजार) |
|---|---|
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| आय कर अघिको मुनाफा | ९०८,२२६ |
| समायोजनः गैह्र नगद खर्च र गैह्र सञ्चालन खर्च | |
| ह्रास कट्टी र परिशोधन | ४,४९३ |
| लाभांश आम्दानी | (१०,७७३) |
| लगानीबाट ब्याज आम्दानी | (५,३६५) |
| **सञ्चालन सम्पति र दायित्व परिवर्तन** | |
| सञ्चालन सम्पतिमा परिवर्तन | (७५७,०६८) |
| सञ्चालन दायित्वमा परिवर्तन | ४७,५९३ |
| आय कर भुक्तानी अघि सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह | १८७,१०६ |
| आय कर भुक्तानी | (२६९,२३६) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **(८२,१३०)** |
| **लगानी कारोबारबाट नगद प्रवाह** | |
| सम्पति र उपकरणको खरिद | (२३३) |
| सहायक कम्पनीमा खुद लगानी | (२५०,०००) |
| लाभांश आम्दानी | १०,७७३ |
| लगानी सम्पतिको बिक्री/(खरिद) | ६९७,७६३ |
| लगानीमा प्राप्त ब्याज | ५,३६५ |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह** | **४६३,६६८** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | |
| शेयर लगानी वापत पेश्की प्राप्त | - |
| लाभांश भुक्तानी | - |
| जगेडा तथा कोषमा समायोजन | (१४५,३१७) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(१४५,३१७)** |
| **नगद प्रवाहमा भएको खुद वृद्धि/(कमी)** | **२३६,२२२** |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | ५६५,४१८ |
| नगद तथा नगद समानमा विनिमय दरमा आएको परिवर्तनबाट भएको आम्दानी/(खर्च) | - |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **८०१,६४०** |

**(ग) धितोपत्र निष्कासन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एंव संशोधन गर्नुपर्ने भएमा सो सम्वन्धी विवरण :**

नेपाल धितोपत्र बोर्डबाट मिति २०७८/०२/०९ गते स्विकृत भएको यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था र विवरणहरु" मा धितोपत्र निष्काशन खुल्ला हुनुपूर्व देहाय बमोजिम परिवर्तन गरिएको छ :

१. दफा (ञ) मा अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतको विवरण अद्यावधिक गरिएको छ ।

२. दफा (ण) मा कम्पनीले यस हकप्रद शेयर निष्काशन वापत थप पूँजी आर्थिक वर्ष २०७८/७९ मा मात्र प्राप्त हुने भएकोले आर्थिक वर्ष २०७७/७८ को अनुमानित वित्तीय विवरणमा चुक्ता शेयर पूँजीको रकम समायोजन गरी सुधार गरिएको छ ।
३. दफा (त) को खण्ड (ख) मा साविकमा आर्थिक वर्ष २०७७/७८ को दोश्रो त्रैमासिक अवधिसम्मको विवरण राखिएकोमा हाल आर्थिक वर्ष २०७७/७८ को तेश्रो त्रैमासिक अवधिसम्मको विवरण राखी अद्यावधिक गरिएको छ।
४. दफा (श) मा पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण राखी अद्यावधिक गरिएको छ।

यसका अतिरिक्त यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था र विवरणहरु" मा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट लगानीकर्तालाई असर पर्ने खालका तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था र विवरणहरु" मा समावेश गरिने र आवश्यक सुधार एवं संशोधन समेत गरिनेछ । साथै निष्कासन सम्बन्धी कार्य गर्नु पूर्व सो सम्बन्धी आवश्यक स्वीकृती समेत बोर्डबाट लिईनेछ ।

**(थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित जोखिमहरु :**

क) ऋण लगानीसँग सम्वन्धित ऋणको साँवा/ब्याज भुक्तानी तोकिएको समयमा नहुन ऋणी टाँट पल्टिन सक्ने, ऋणको पुनर्तालिकीकरण गर्नुपर्ने अवस्था आउनसक्ने लगायतका जोखिमहरु ।
ख) ब्याजदरसँग सम्वन्धित ब्याजदरको उतार चढावले आम्दानीमा असर गर्ने, ब्याजदर परिवर्तनले ऋण लगानी अन्यत्र जाने, बजारको ब्याजदर कम्पनीको कोषको लागत भन्दा कम हुने लगायतका जोखिमहरु ।
ग) बजारसँग सम्वन्धित विद्युतको आपूर्ति अनुसार माग नहुने, उत्पादन भएको विद्युतले बजार नपाउने लगायतका जोखिमहरु ।
घ) वैदेशिक विनिमयसँग सम्वन्धित वैदेशिक विनमयको उतार चढावले आयोजनाको लागतमा बृद्धि हुनसक्ने, वैदेशिक ऋणको रकम बृद्धि हुनसक्ने, लक्ष्य अनुसारको वैदेशिक लगानी आउन नसक्ने लगायतका जोखिमहरु ।
ङ) लगानीको लागि आकर्षक जलविद्युत आयोजनाहरु उपलब्ध नहुन सक्ने जोखिमहरु ।
च) लगानी भएका आयोजनाहरुको लागत तथा निर्माण अवधिमा हुन सक्ने बृद्धिबाट हुने जोखिमहरु ।
छ) लगानी गरिएका जल विद्युत आयोजनाहरुसँग सम्वन्धित भौगर्विक तथा प्राविधिक जोखिमहरु ।
ज) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
झ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ञ) कोभिड–१९ लगायत अन्य अप्रत्याशित घटनाबाट सृजना हुन सक्ने जोखिमहरु ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः**

प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न ब्यबस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ :**

सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न ब्यवस्थापनले आवश्यक अध्ययन तथा परामर्श गरी विभिन्न नीति, नियम तथा कार्यविधिहरु तयार गरी लागू गरेको छ । लगानको प्रस्ताव उपर बाह्‍य विज्ञहरु, ब्यवस्थापनका पदाधिकारीहरु, जोखिम ब्यवस्थापन समिति तथा सञ्चालक समिति गरी विभिन्न पक्षहरुबाट प्रस्तावसँग सम्वन्धित प्राविधिक पक्ष, वित्तीय पक्ष, कानूनी पक्ष तथा ब्यवस्थापन पक्षहरुको आवश्यक अध्ययन, विश्लेषण तथा अनुसन्धान गरेर मात्र लगानीको निर्णय लिने प्रकृया लागू गरिएको छ । जोखिम ब्यवस्थापन समितिबाट विद्यमान जोखिम पहिचान तथा ब्यवस्थापन सम्वन्धमा उपयुक्त प्रणालीको विकास गर्ने ब्यवसायिक गतिविधिमा निहित जोखिमको पहिचान गरी त्यसको ब्यवस्थापनको आवश्यक रणतीति तयार गर्ने, जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन सम्वन्धमा छलफल गर्ने कम्पनीले लिने जोखिमको विश्लेषण गर्ने लगायत नियमनकारी निकायबाट जारी गरिएका नीति निर्देशनहरुको अनुशरण गर्ने लगायत अन्य विभिनन जोखिम न्यूनिकरणका उपायहरु अवलम्बन गर्ने नीति लिइएको छ । यस्तै प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, नवीनतम प्रविधिको उपयोग तथा उपयुक्त नीति तथा नियमहरुको निर्माण गर्ने र सूचना प्रवाहको कार्यलाई पारदर्शी र सुदृढीकरण गर्दै लैजाने नीति कम्पनीको रहेको छ ।

**(द) धितोपत्र बाँडफाँट सम्बन्धी ब्यवस्था :**

यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयर प्रचलित "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यबस्था अनुसार हकप्रद शेयरको निष्कासन बन्द भएको मितिले बढीमा १५ (पन्ध्र) दिनभित्र बाँडफाँट गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

(क) कम्पनीको रजिष्टर्ड कार्यालय, हात्तीसार, काठमाण्डौ ।
(ख) धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक : ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौ ।

**(न) निष्कासन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरणः** सो नभएको ।

**(प) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयर "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्कासनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

**(फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :** सो नभएको ।

**(ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्कासन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउनेछन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
   (क) आवेदकको पूरा नाम (नेपाली तथा अङ्ग्रेजी दुवैमा उल्लेख गर्नुपर्नेछ ।
   (ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम उल्लेख गर्नुपर्नेछ ।
   (ग) आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम उल्लेख गर्नुपर्नेछ ।
   (घ) आवेदकको स्थायी ठेगाना उल्लेख गर्नुपर्नेछ ।
   (ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोवाइल नम्बर उल्लेख गर्नुपर्नेछ ।
   (च) आवेदकको खाता रहेको बैङ्क वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
   (छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
   (ज) आवेदकले लिन चाहेको शेयर सङ्ख्या तथा सो वापत जम्मा गरेको रकम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
   (झ) आवेदकको हस्ताक्षर (नाबालकको हकमा अभिभावकको हस्ताक्षर) हुनुपर्ने ।
   (ञ) आवेदन फाराम बुझाएको सङ्कलन केन्द्रको नाम तथा ठेगाना उल्लेख गर्नुपर्नेछ ।
   (ट) आवेदन फाराम बुझाएको मिति उल्लेख गर्नुपर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्कासन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

६) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

७) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कम्पनीको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

८) यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गर्दा संस्थापक शेयरधनीहरुको हकमा यस कम्पनीको केन्द्रिय कार्यालय हात्तीसार, काठमाण्डौ तथा सर्वसाधारण शेयरधनीहरुले निष्कासन तथा विक्री प्रवन्धक श्री ग्लोवल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौमा सम्पर्क राखि आफुले प्राप्त गरेको हकप्रद शेयर खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सक्ने छ । सो को लागि निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ ।

क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्ने छ ।

ख) हक हस्तान्तरण सम्बन्धी कारोबार गर्दा न्यूनतम १० कित्ता भन्दा कम नहुने गरि मनोनयन गर्नु पर्ने छ ।

ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ ।

घ) हक हस्तान्तरण गरि शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी नहुने गरि मनोनित भएको हुनुपर्ने छ ।

ङ) संस्थापक समूहको शेयर हक हस्तान्तरण गर्दा प्रचलीत कानूनको अधिनमा रही संस्थापक समूहको शेयर संस्थापक समुहको शेयरवालामा र सर्वसाधारण समुहको शेयर सर्वसाधारण शेयरवालाहरुमा रहने गरी मात्र हस्तान्तरण गर्न सक्ने छन् । हक हस्तान्तरण गर्दा कम्पनीको

शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा कुनै परिवर्तन हुनेछैन । प्रत्येक शेयरवालाको एक शेयर बरावर एक मत हुनेछ ।

च) प्रस्तावित संस्थापक सेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ ।

छ) प्रचलित कानून बमोजिम मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा कानून वमोजिम अयोग्य नभएको हुनुपर्ने छ ।

ज) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ ।

झ) शेयरधनीले आफुले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा निष्कासन तथा विक्री प्रवन्धकको कार्यालयमा निवेदन दिनु पर्ने छ । साथै हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ ।

ञ) सञ्चालक तथा आधारभूत शेयरधनीले आफूले हक हस्तान्तरण गर्ने भएमा दरखास्त खुल्ला हुनुभन्दा तीन दिन अगाडि हक हस्तान्तरण गरि निष्कासन बैंकमा रकम जम्मा गर्नु पर्नेछ र अन्यको हकमा हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ ।

(ट) कुनै पनि शेयरधनीहरुको शेयर बैंक तथा वित्तिय संस्था वा अन्य निकायबाट रोक्का रहेको सम्बन्धमा हक हस्तान्तरणको लागि निवेदन पेश गर्दाका बखत रोक्का गर्ने सम्बन्धित संस्था वा निकायको स्वीकृति पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

## (म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्कासन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :

(क) कम्पनीको नवौं बार्षिक सभाको निर्णय बमोजिम आ.ब.२०७७/७८ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्राप्त भए बमोजिम सि.ए. श्री सृष्टी कोइरालालाई नियुक्त गरिएको छ ।

(ख) यस कम्पनीको कम्पनी सचिवमा सि.ए. शैक्षिक योग्यता हासिल गर्नु भएका ईटहरी ५, सुनसरी निवासी श्री जीवन कुमार बस्नेत हुनुहुन्छ।

(ग) यस कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबार, भावी रणनीति तथा कम्पनीको सञ्चालक समितिबाट स्वीकृत पाँच वर्षिय व्यवसायिक योजनाको आधारमा निष्कासनकर्ता कम्पनी आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्कासनकर्ता कम्पनीको हालको दक्षता र निष्कासनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगति, भावी रणनीति तथा व्यवसायिक योजनाको आधारमा पुनरावलोकन गरी विवरण यर्थाथपरक रहेको छ भनी प्रमाणित गर्ने विज्ञमा सि.ए. मनोज कुमार खनाल, एम. के. खनाल एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट रहेका छन् ।

(घ) यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था र विवरणहरु" व्यवसायिक संस्था श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौले तयार गरेको हो ।

(ङ) यस हकप्रद शेयर निष्कासनका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्कासन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौ रहेको छ ।

## (य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) कम्पनीको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुप मिति २०७५/०९/३० गते सम्पन्न सातौं बार्षिक साधारण सभाबाट एक शेयर बराबर नयाँ एक शेयर (१ : १) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न।

२) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न।

३) कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि कम्पनीको संस्थाको कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र कम्पनीको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

४) कम्पनीको व्यवसाय विस्तारको लागि हालसम्म लगानीको लागि प्रतिबद्धता भइसकेका जलविद्युत आयोजनाहरु सहित आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा नीजि क्षेत्र तथा सरकारी निकायहरुबाट प्रवर्द्धन हुने कूल ६२५२ मेगावाट क्षमताका ४८ वटा जलविद्युत आयोजनाहरुमा रु. ११७.४२ अर्ब रकम बराबरको शेयर तथा ऋण लगानीको सम्झौता गर्ने र सो अवधिमा रु. ४७.६१ अर्ब रकम लगानी प्रवाह गरिसक्ने लक्ष्य लिइएको छ।

## (र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एक्काईस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिनसम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**(ल)** **हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१) ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौ ।**
**** चेकबाट मात्र दरखास्त बुझिलिने व्यवस्था गरिएको छ ।**

२) नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त सि–आस्वा सेवामा सहभागि बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्कासनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्कासन बन्द हुने अघिको मितिसम्ममा ग्लोबल आइएमई क्यापीटल लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी ग्लोबल आइएमई क्यापीटल लि., नक्साल, काठमाण्डौमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ। नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि–आस्वासेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत सि–आस्वा प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँडमा समावेश गरिनेछैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. को वेवसाइट www.hidcl.org.np वा धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक ग्लोबल आइएमई क्यापीटल लि. को वेवसाइट www.globalimecapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्कासन तथा बिक्री प्रबन्धकको वेवसाइट www.globalimecapital.com बाट हेर्न सकिनेछ ।

**निष्कासन बैंक सम्बन्धी व्यवस्था :**

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाण्डौ । | GICL-BTI HIDCL Right | 0101010007839 |
| २. | सिभिल बैंक लि., सुन्धारा, काठमाण्डौं । | GICL-BTI HIDCL Right | 00210076234277 |

**(व)** **आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

कम्पनीले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस कम्पनीका सञ्चालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण कम्पनीको रहेकोछ । साथै संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आ.ब.०७६/७७ सम्मको बुझाउनु पर्ने सम्पूर्ण विवरण बुझाई कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७७/१०/२६ को प्राप्त पत्रानुसार कम्पनीको आ.ब.०७६/७७ सम्मको विवरणहरु अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**
यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यबस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, कमलादी, काठमाण्डौबाट कम्पनीको क्रेडिट रेटिङ्ग गराई **"केयर-एनपि ए माइनस (इसुअर) रेटिङ्ग (CARE-NP A- (Is) [Single A Minus (Issuer)} Rating"** प्रमाणपत्र प्राप्त गरेको छ । **"CARE-NP A- (Is)"** ले वित्तीय दायित्वको नियमित भुक्तानीको पर्याप्त सुनिश्चितता रहने र न्यून क्रेडिट जोखिम रहने संस्था भएको आधारहरु जनाउँदछ । केयर रेटिङ्ग्स नेपाल लिमिटेडले **AAA** देखि **D** प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा **AAA** रेटिङ्ग ले बलिया आधार जनाउँछ भने **D** रेटिङ्ग ले कमजोर आधारहरु जनाउँछ । रेटिङ्ग **AA, A, BBB, BB, B** र **C** मा प्रयोग गरिने **+ (Plus)** र **- (Minus)** चिन्हले यस समूहका तुलनात्मक स्थितिलाई जनाउँछ । यस कम्पनीलाई मिति २०७७/११/०७ गतेको पत्रबाट क्रेडिट रेटिङ्ग प्रदान गरेको रहेको छ।

**(श)** **पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **०७४/०७५** | २०४ | १३४ | १५५ | २६,६५,२७४ |
| **०७५/०७६** | १८२ | १२८ | १६१ | ३७,८४,६७८ |
| **०७६/०७७** | १६५ | ११६ | १३३ | २५,९४,६११ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७७ चैत्र | ४७५ | ३२८ | ४२२ | ६२,८७,०४९ |
| २०७८ वैशाख | ५७२ | ४१९ | ५४१ | ७४,३२,००७ |
| २०७८ जेठ | ६०६ | ३६० | ४१४ | ९६,४४,७०९ |

<u>**द्रष्टव्य**</u> **:**यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ।

**ष) यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम, दस्तखत :**

| सि.नं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री देवेन्द्र कार्की | अध्यक्ष | |
| २. | श्री पाराश्वर ढुङ्गाना | सञ्चालक | |
| ३. | श्री सुशील कोइराला | सञ्चालक | |
| ४ | श्री रमण नेपाल | सञ्चालक | |
| ५ | श्री पराक्रम शर्मा | स्वतन्त्र सञ्चालक | |
| ६ | श्री डा.ई. मेग बहादुर विश्वकर्मा | स्वतन्त्र सञ्चालक | |

**(स) निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्कासन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" सार्वजनिक निष्कासनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेबसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**